१६४५

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. २०९/०७३/७४**
**निर्णय नं. १५०**

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई
हाल का. म. न. पा.-३५ निवासी शारदा भुषाल (झा) ........................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाउँ बिकास समितिको कार्यालय, आश्राङ, ललितपुर .......................१ } विपक्षी
सूचना अधिकारी, गाउँ बिकास समितिको कार्यालय, आश्राङ, ललितपुर .......................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई हाल का. म. न. पा.-३५ निवासी शारदा भुषाल (झा)ले गाउँ विकास समितिको कार्यालय, आश्राङ, ललितपुर समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।१२ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) लेँ प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी गाउँ विकास समितिको कार्यालय, आश्राङ, ललितपुरको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

आश्राङ गा. वि. स. को आ. व. ०७०/७१ देखि ०७१/७२ सम्मका निम्न बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपि ।

१ आश्राङ गा. वि. स. परिषद्‌को निर्णयको प्रमाणित प्रतिलिपि ।